## विषयगत प्रश्न

**तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् ।**

१. शब्दस्रोत भनेको के हो ? यसका प्रकार उल्लेख गर्नुहोस् ।

२. तत्सम, तद्भव र आगन्तुक स्रोतका पाँच पाँचवटा शब्द लेख्नुहोस् ।

३. कार्यका आधारमा शब्दलाई कति प्रकारमा वर्गीकरण गरिएको छ ? वर्णन गर्नुहोस् ।

४. शब्द बनोट प्रक्रियाहरूको सोदाहरण संक्षिप्त वर्णन गर्नुहोस् ।

५. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दहरूको शब्द स्रोत पहिल्याउनुहोस् ।
त्यो राति पनि सधैंको जस्तो साधारण रात्रि थियो । अन्धकारमा मानिसको लोक थाकेर मरेको चिसो, जाडोले कठाङ्ग्रिएको । काजलको आकाशमा एकनाससँग सलमा सितारा झल्केका हेरिदिने कोही छैन । घर घरमा बत्ती निभेका छन् । ढोका , झ्याल टम्म छन् । शून्य सडकका खाँवामा बत्ती घोरिएर भुइँतिर हेरिहेका छन् । निष्पट्ट शान्ति छ सहरमा, झन् जाडोले शान्तिलाई जमोठ जस्तो डल्लो पारेर अडाइदिएको छ । (एकरात कथाबाट)

६. निम्नलिखित अनुच्छेद पढी रेखाङ्कित शब्दका शब्दवर्ग पहिल्याउनुहोस् ।
रमेश असल मानिस हो । ऊ सधैं सत्यका पक्षमा लाग्छ । सत्यका मार्गमा हिंड्दा आइपर्ने कठिनाइलाई सहर्ष स्वीकार गर्छ । त्यसैले ऊ सदा देश र जनताका निम्ति सत्कर्म गर्छ । दुनियाले उसलाई स्यावास भन्छन् । यसर्थ हामीले पनि स्यावासी पाउने काम गर्नुपर्छ ।

७. तलका उपसर्ग र प्रत्यय लगाई तीन तीन वटा शब्द बनाउनुहोस् ।
अधि, सम्, अव, अभि, उप
इक, इत, ईय, आलु, अनीय

८. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दको बनोट प्रक्रिया देखाउनुहोस् ।
नेपाली समाज आजभोलि राजनीतिले विथोलिएको छ । चुनाव नजिकिदै गर्दा आ-आफ्नो पार्टीका नेतालाई विजयी गराउन मानिसहरू यथाशक्ति प्रयत्न गरिरहेका छन् । यसले गर्दा छरछिमेकमा रमेश, महेश र रवीन्द्रको परिवारमा मेलमिलाप छैन । हिजो मात्र रवीन्द्रका बुवा र आमाले नौलखा हार र नौगेडी बेचेर आफ्ना नेतालाई जिताउने मनोभाव बनाएका छन् रे । जड्याहा रमेशका बाबु रक्सी धोकेर चौवाटोमा निर्लज्ज दुई जिब्रे कुरा गर्छन रे । यस्तै रहे समाज अधोगतितिर धकेलिन्छ । भाइ फुटे गवाँर लुटे भन्ने लोकोक्ति चरितार्थ हुन्छ ।

☑



एकाइ २

# वाक्यतत्वपरक रचना

## २.१ निर्देशित रचना वाक्यान्तरण

कुनै एक किसिमको वाक्यलाई अर्को किसिमको निर्देशित वाक्यमा रूपान्तरण गर्नुलाई वाक्यान्तरण भनिन्छ । यस प्रक्रियामा एक किसिमको वाक्य रचनालाई निर्देशनका आधारमा अर्को किसिमको वाक्य रचनामा बदल्नुपर्छ । वाक्य वा अनुच्छेद स्तरका भाषिक एकाइमा निर्देशित वाक्यान्तरण गर्न सकिन्छ । यसरी वाक्यान्तरण गर्दा लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, करण र अकरण जस्ता व्याकरणिक कोटिका आधारमा गरिन्छ । यस प्रक्रियामा व्याकरणिक कोटि अनुसार पदसङ्गति मिलाउनु अनिवार्य हुन्छ ।

जस्तैः

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| दाजु पोखरा जानुभयो । | भाउजू पोखरा जानुभयो । |
| किसानको छोरोले औंठी भेट्यो । | किसानकी छोरीले औंठी भेटाई । |

| **एकवचन** | **बहुवचन** |
|---|---|
| यो केटो असल छ । | यी केटाहरू असल छन् । |
| सीता आइन् । | सीताहरू आए । |

### २.१.१ लिङ्गका आधारमा वाक्यान्तरण

भाले, पोथी र निर्जीव बुझाउने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ । परम्परागत व्याकरण अनुसार भाले बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ । पोथी बुझाउने स्त्रीलिङ्ग भनिन्छ । त्यस्तै गरी निर्जीव वस्तु जनाउनेलाई नपुंसक लिङ्ग भनिन्छ । वर्तमान सन्दर्भमा भाले वा पुरूष जनाउनेलाई पुलिङ्ग, स्त्री वा पोथी जनाउनेलाई स्त्रीलिङ्ग भनिन्छ । पशुपन्छी र निर्जीव वस्तु भए ती सबै पुलिङ्ग सरह मानिन्छ । नेपालीमा लिङ्गका आधारमा नाम, विशेषण र

क्रियापद रूपायित हुन्छन् । लिङ्गका आधारमा वाक्यान्तरण गरिएका केही उदाहरण निम्नलिखित छन् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| छात्रहरू असल छन् । | छात्राहरू असल छन् । |
| केटो अग्लो छ । | केटी अग्ली छे । |
| ठूलो दाइ पढ्नुहुन्छ । | ठूली दिदी पढ्नुहुन्छ । |
| कमल कविता लेख्छ । | कमला कविता लेख्छे । |
| पण्डित वाजे आउनुभयो । | पण्डित्नी बज्यै आउनुभयो । |

**निर्देशित अनुच्छेद (वाक्यान्तरण) रचना**

**पुलिङ्ग**

मेरो भाइ कक्षा एघारमा पढ्छ । गतवर्ष एस.इ.इ. परीक्षामा ऊ ए ग्रेड ल्याएर उत्तीर्ण भएको थियो । अहिले पनि ऊ खुव मिहिनेत गरेर दिनको छ घण्टा पढ्ने र लेख्ने गर्छ । ऊ अभ्यासमा तल्लीन हुन्छ । उसको परिश्रम देखेर ऊ यसपालि पनि राम्रै नतिजा ल्याएर उत्तीर्ण हुने कुरामा म विश्वस्त छु ।

**स्त्रीलिङ्ग**

मेरी वहिनी कक्षा एघारमा पढ्छिन् । गतवर्ष एस.इ.इ. परीक्षामा उनी ए ग्रेड ल्याएर उत्तीर्ण भएकी हुन् । अहिले पनि उनी खूव मिहिनेत गरेर दिनको छ घण्टा पढ्ने र लेख्ने गर्छिन । उनी अभ्यासमा तल्लीन हुन्छिन् । उनको परिश्रम देखेर यसपालि पनि उनी राम्रै नतिजा ल्याएर उत्तीर्ण हुने कुरामा म विश्वस्त छु ।

## २.१.२ वचनका आधारमा वाक्यान्तरण

एक वा एकभन्दा वढी सङ्ख्या वुझाउने व्याकरणिक कोटिलाई वचन भनिन्छ । नेपाली भाषामा एउटा सङ्ख्या वुझाएमा एकवचन भनिन्छ । एकभन्दा वढी सङ्ख्या वुझाएमा वहुवचन भनिन्छ । वचन मूलत: नाम, सर्वनाम, विशेषण र क्रियासँग सम्वन्धित हुन्छ । यी नाम, सर्वनाम, विशेषण र क्रिया वचनका आधारमा रूपायित हुन्छन् । यहाँ वचनका आधारमा गरिएका वाक्यान्तरणका केही उदाहरण प्रस्तुत गरिन्छ ।

| एकवचन | बहुवचन |
|---|---|
| ऊ वजार गयो । | उनीहरू वजार गए । |
| होचो मान्छे माथि चढ्यो । | होचा मान्छेहरू माथि चढे । |
| भाइ आँप झार्छ । | भाइहरू आँप झार्छन् । |
| पदम आयो । | पदमहरू आए । |
| म गीत गाउँछु । | हामी गीत गाउँछौं । |



**(ख) निर्देशित अनुच्छेद (वाक्यान्तरण) रचना**

**(क) बहुवचन**

केटाकेटीहरू धुलो माटोमा लडिवुडी खेल्छन्, रमाउँछन्, खित खिताएर हाँस्छन् । आफ्नो असन्तोषमा डुवेका हामी तिनीहरूलाई हर्काउँछौं, हप्काउँछौ र जतिखेर पनि पढ्ने आदेश दिन्छौ ।

**(ख) एकवचन**

केटो धुलो माटोमा लडिवुडी खेल्छ, रमाउँछ, खितखिताएर हाँस्छ । आफ्नो असन्तोषमा डुबेको म उसलाई हर्काउँछु, हप्काउँछु र जतिखेर पनि पढ्ने आदेश दिन्छु ।

## २.१.३ पुरूषका आधारमा (वाक्यान्तरण) रचना

वक्ता, स्रोता र विषय (अन्य व्यक्ति वा वस्तु) जनाउने व्याकरणिक कोटिलाई पुरूष भनिन्छ । नेपालीमा वक्तालाई प्रथम पुरूष, स्रोतालाई द्वितीय पुरूष र जुन वस्तु वा व्यक्तिका बारेमा कुरा गरिन्छ त्यसलाई तृतीय पुरूष भनिन्छ । यसरी पुरूष जम्मा तीन प्रकार हुन्छन् । वाक्यमा कर्ता जुन पुरूषको हुन्छ । क्रियापद पनि त्यही पुरूष जनाउने राख्नुपर्छ । वाक्यान्तरण गर्दा कर्ताको पुरूषअनुसार क्रियाको पुरूष हुने गरी पदसङ्गति मिलाइन्छ ।

**(क) प्रथम पुरूष** : म, हामी

**(ख) द्वितीय पुरूष** : तँ, तिमी, तपाई हजुर

**(ग) तृतीय पुरूष** : ऊ, उनी, उहाँ, त्यो, तिनी, त्यहाँ

| वाक्य | वाक्यान्तरण |
|---|---|
| म घर जान्छु । (द्वितीय पुरूष) | तँ घर जान्छस् । |
| तिमी पाठ पढ्छौं (तृतीय पुरूष) | उनी पाठ पढ्छन् । |
| तिनी घर गए । (प्रथम पुरूष) | म घर गएँ । |
| हामी उत्तीर्ण हुन्छौं । (द्वितीय पुरूष) | तिमीहरू उत्तीर्ण हुन्छौ । |
| तिमीहरू हल्ला गर्छौ । (तृतीय पुरूष) | तिनीहरू हल्ला गर्छन् । |

**अनुच्छेदस्तरको वाक्यान्तरण**

**प्रथम पुरूष**

म पोखरा घुम्न गएँ । फेवातालमा डुङ्गाको आनन्द लिएँ । तालबाराही माईको आर्शीवाद लिएँ । महेन्द्र गुफा हेरें । प्रकृतिको काखमा मन खोलेर रमाएँ । मनमा आनन्द र उमङ्ग बोकेर फर्किए ।

**तृतीय पुरूष**

ऊ पोखरा घुम्न गयो । फेवातालमा उसले डुङ्गाको आनन्द लियो । तालबाराही माईको आर्शीवाद लियो । महेन्द्र गुफा हेऱ्यो । प्रकृतिको काखमा मन खोलेर रमायो । मनमा आनन्द र उमङ्ग बोकेर फर्कियो ।

## २.१.४ आदरका आधारमा वाक्यान्तरण

कुनै पनि व्यक्तिको मान, सम्मान वा शिष्टताको तह बुझाउने व्याकरणात्मक कोटिलाई आदर भनिन्छ । नेपालीमा अनादर, सामान्य वा मध्यम आदर, उच्च आदर, उच्चतर आदर र उच्चतम् आदर गरी पाँच प्रकारका आदरहरू रहेका छन् । यी मध्ये वर्तमान समयमा उच्चतम बाहेक अन्य चारवटा आदरहरू प्रयोग प्रचलनमा रहेका छन् । जस्तै:

तँ कथा पढ्छस् । (अनादर)

तिमी कथा पढ्छौ । (मध्यम आदर)

तपाई कथा पढ्नुहुन्छ । (उच्च आदर)

हजुर कथा पढिसिन्छ । (उच्चतर आदर)

**आदरका आधारमा वाक्यान्तरणका उदाहरण**

(क) ऊ स्याउ खान्छ । (उच्च आदर)
उहाँ स्याउ खानुहुन्छ ।

(ख) तपाई जानुहोस् । (उच्चतर आदर)
तपाई गइवक्स्योस् ।

(ग) हजुर दान गरिबक्सन्थ्यो । (मध्यम आदर)
तिमी दान गर्थ्यौ ।

**अनुच्छेद स्तरको उदाहरण**

**सामान्य आदर :**

मेरो साथी किसान हुन् । उनी धेरै परिश्रमी छन् । उनले गाई पालन गरेका छन् । दिनहुँ दूध दोएर डेरीमा पुऱ्याउनु उनको दिदचर्या बनेको छ । उनले यसवाट प्रशस्त आम्दानी गरेका छन् । यसरी गाईपालनबाट उनी सुखी र सन्तुष्ट छन् ।

**अनादर**

मेरो साथी किसान हो । ऊ धेरै परिश्रमी छ । उसले गाईपालन गरेको छ । दिनहुँ दूध दोएर डेरीमा पुऱ्याउनु उसको दिनचर्या बनेको छ । उसले यसबाट प्रशस्त आम्दानी गरेको छ । यसरी गाई पालन व्यवसायबाट ऊ सुखी र सन्तुष्ट छ ।



## २.१.५ कालका आधारमा वाक्यान्तरण

काल भनेको समय हो । वाक्यमा क्रियापदले सङ्केत गर्ने समयलाई काल भनिन्छ । यो एउटा महत्वपूर्ण व्याकरणिक कोटि हो । यो भूत र अभूत गरी दुई प्रकारको हुन्छ । अभूत अन्तर्गत वर्तमान र भविष्यत काल पर्दछन् । समग्रमा यसका भूतकाल, वर्तनमान काल र भविष्यत् काल गरी तीन प्रकारका रहेका छन् । काल क्रियापदका सहायताले व्यक्त हुन्छ । कालिक प्रत्यय ए, यो, ई, छ, छु, छे, छन्, ने आदि हुन् । भूतकालमा ए, यो, ई आदि कालिक प्रत्यय हुन्छन् । वर्तमान कालमा छ, छु, छे आदि कालिक प्रत्यय हुन्छन् । भविष्यत जनाउन 'ने' को प्रयोग गरिन्छ । कालका आधारमा वाक्यान्तरण गरिएका केही उदाहरण तल दिइएको छ । जस्तै:

| भूतकाल | वर्तमान काल | भविष्यत काल |
|---|---|---|
| तिमीले कविता लेख्यौ । | तिमीले कविता लेख्छौ । | तिमीले कविता लेख्ने छौ । |
| ऊ डाक्टर बन्यो । | ऊ डाक्टर बन्छ । | ऊ डाक्टर बन्ने छ । |
| उनीहरू घुम्न गएका थिए। | उनीहरू घुम्न गएका छन् । | उनीहरू घुम्न जानेछन् । |

**अनुच्छेद स्तरको उदाहरण**

**वर्तमान काल**

ऊ सबेरै उठ्छ । प्रशस्त मनतातो पानी पिउँछ । नियमित व्यायाम गरेर शरीर फुर्तिलो बनाउँछ । सधैं शाहाकारी खाना खान्छ त्यसैले ऊ स्वस्थ र बलियो देखिन्छ ।

**अभ्यस्त भूतकाल :**

ऊ सवेरै उठ्थ्यो । प्रशस्त मनतातो पानी पिउँथ्यो । नियमित व्यायाम गरेर शरीर फुर्तिलो वनाउँथ्यो । सधैं शाहकारी खाना खान्थ्यो त्यसैले ऊ स्वस्थ र बलियो देखिन्थ्यो ।

## २.१.६ पक्षका आधारमा वाक्यान्तरण

क्रियाका कामको अवस्था र अवधि बुझाउने व्याकरणिक कोटिलाई पक्ष भनिन्छ । यो कालकै सूक्ष्म विभाजन हो । यसले काम भइरहेको, भइसकेको र हुने गरेको अवस्थालाई बुझाउँछ । पक्ष निम्नलिखित पाँच प्रकारका हुन्छन् ।

१. **सामान्य पक्ष** : छ, ए, नेछका रूप
२. **अपूर्ण पक्ष :** तै/दै/तो/दो, इरहेको/इरहेका/इरहेकी
३. **पूर्ण पक्ष :** एको, एका, एकी
४. **अज्ञात पक्ष :** एछ, एछु, एछौ, एछन् आदि
५. **अभ्यस्त पक्ष :** थ्यो, थे, थ्यौ, थिन् आदि ।

पक्ष भूतकालका पक्ष पाँच प्रकारका हुन्छन् । ती सामान्य, अपूर्ण, पूर्ण, अज्ञात अभ्यस्त पक्ष हुन् । वर्तमान भविष्यतका सामान्य, अपूर्ण र पूर्ण गरी तीन वटा पक्ष हुन्छन् । जस्तै :

**पक्षका उदाहरण**

(क) ऊ विदेश जान्छ । (सामान्य वर्तमान)
(ख) ऊ विदेश गयो । (सामान्य भूत)
(ग) ऊ विदेश जाँदै थियो । (अपूर्ण भूत)
(घ) ऊ विदेश गएछ । (अज्ञात भूत)
(ङ) ऊ विदेश जान्थ्यो । (अभ्यस्त भूत)
(च) राम प्रथम हुन्छ । (सामान्य वर्तमान)
(छ) राम प्रथम भयो । (सामान्य भूत)
(ज) राम प्रथम हुनेछ । (सामान्य भविष्यत)
(झ) राम प्रथम भएको थियो । (पूर्ण भूत)
(ञ) राम प्रथम भएको हुनेछ । (पूर्ण भविष्यत)
(ट) राम प्रथम भएछ । (अज्ञात भूत)
(ठ) राम प्रथम हुन्थ्यो । (अभ्यस्त भूत)

**अनुच्छेद स्तरको उदाहरण**

**सामान्य वर्तमान**

विद्यार्थीहरू दैलेखको दुल्लू जान्छन् । नेपाली भाषाको सर्वप्राचीन नमुना भएको शिलालेख हेर्छन् । शिरस्थान, नाभीस्थान, पादुका घुमेर रमाउँछन् । फर्किंदा दैलेखको भाषिक सांस्कृतिक महत्व बुझेर फर्कन्छन् ।

**पूर्ण भूत**

विद्यार्थीहरू दैलेखको दुल्लु गएका थिए । उनीहरूले नेपाली भाषाको सर्वप्राचीन नमुना भएको शिलालेख हेरेका थिए । शिरस्थान, नाभीस्थान, पादुका घुमेर रमाएका थिए । फर्किंदा दैलेखको भाषिक र सांस्कृतिक महत्व बुझेर फर्केका थिए ।

## २.१.७ भावका आधारमा वाक्यान्तरण

वक्ताको आशय, मनोभाव वा अर्थ व्यक्त गर्ने व्याकरणिक कोटिलाई भाव भनिन्छ । यसलाई अर्थ पनि भनिन्छ । यो क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । वाक्यमा क्रियावाटै विभिन्न भाव व्यक्त हुन्छन् । यी सामान्यार्थ, विध्यर्थ (इच्छार्थ, आज्ञार्थ) र अनिश्चयार्थ (सम्भावनार्थ, सङ्केतार्थ) मुख्यत: तीन प्रकारका हुन्छन् । समग्रमा चाहिँ सामार्थ्य, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी यसका पाँच प्रकारहरू रहेका छन् । भावका आधारमा वाक्यान्तरण गर्दा कर्ता र क्रिया बीचको सङ्गति अनिवार्य मिलाउनुपर्छ । जस्तै:

(क) म कविता पढ्छु । (इच्छार्थक)
म कविता पढूँ ।
(ख) तिमीहरू बजार जान्छौ । (आज्ञार्थ)
तिमीहरू बजार जाओ ।
(ग) राति पानी पर्छ । (सम्भावनार्थ)
राति पानी पर्ला ।
(घ) गुरू आउनुहुन्छ । उहाँले पढाउनुहुन्छ । (सङ्केतार्थ)
गुरू आए पठाउनुहुन्थ्यो ।
(ङ) दिदी बहिनी आउँछन् । दशैं रमाइलो हुन्छ । (सङ्केतार्थ)
दिदी बहिनी आए दशैं रमाइलो हुन्छ ।

**भावका पाँच प्रकार**

१. **सामान्यार्थ :**
वाक्यमा क्रियाले बुझाउने सामान्य भावलाई सामान्यार्थ भनिन्छ । यसले सरल र निश्चित मनोभाव व्यक्त गर्छ । जस्तै:
नम्रता अमेरिकामा बस्छिन् ।
उनी दानी थिए ।
सर्वजा काठमाडौं गएकी छिन् ।
हरि प्रथम हुन्थ्यो ।
माथिका वाक्यमा आएका बस्छिन्, थिए, गएकी छिन् र हुन्थ्यो क्रियाले सामान्य र निश्चित अर्थ व्यक्त गरेका छन् । त्यसैले ती सामान्यार्थक वाक्य हुन् ।

२. **विध्यर्थ** : वक्ताको इच्छा, आज्ञा, अनुरोध जस्ता भाव व्यक्त गरेमा त्यस्तो अर्थलाई विध्यर्थ भनिन्छ । यसका पनि निम्न लिखित प्रमुख दुई भेद रहेका छन् :

**(क) इच्छार्थ :** वक्ताको मनको इच्छाको भाव व्यक्त गर्ने अर्थलाई इच्छार्थ भनिन्छ । यसले इच्छा, बिन्ती, प्रार्थना आदि मनोभाव पनि बुझाउँछ । यसमा धातु+ऊ, ऊन्, ओस्, एस्, ए, होओस् प्रत्यय क्रियामा लाग्ने गर्दछन् । जस्तै:
म इलाम जाऊँ ।
ऊ विदेश जाओस् ।
ईश्वरले सबैको रक्षा गरून् ।



Mid-Western University
Central Library
Birendranagar, Surkhet

तँ भाग्यमानी भएस् ।

तिमी निरोगी भए ।

तपाईं विद्वान बन्नु होओस् ।

**(ख) आज्ञार्थक :** वाक्यमा क्रियापदले आज्ञा वा आदेशको भाव वा अर्थ बुझाएमा त्यस्तो भावलाई आज्ञार्थक भनिन्छ । यसमा क्रियापदमा धातु+ऊ ओ, नू, ई, अ, नुहोस् र हलन्त व्यञ्जनको प्रयोग गरिन्छ ।
जस्तै:

तिमी भीडमा नजाऊ ।

तिमीहरू पोखरीमा नजाओ ।

तिमीले भनेको मान्नू ।

भारती कविता लेख ।

हरि चोरलाई पक्री ।

तँ गृहकार्य लेख् ।

**३. अनिश्चयार्थक :**

सम्भावना र सङ्केतको अनिश्चित अर्थ व्यक्त भएमा त्यस्तो अर्थलाई अनिश्चियार्थ भनिन्छ । यसका निम्न लिखित दुई प्रकार रहेका छन् ।

**(क) सम्भावनार्थ :**

कुनै पनि कार्य होला भन्ने अनिश्चित आशय व्यक्त भएमा त्यस्तो अर्थलाई सम्भावनार्थ भनिन्छ । यस्तो अर्थ व्यक्त गर्ने क्रियापदको धातुमा उँला, उँली, औँला, लास्, लिस्, ली, लान्, नु + होला जस्ता रूपहरू जोडिन्छन् ।
जस्तै:

म अग्लो घर बनाउँला ।

तिमी मिठा परिकार खाउँली ।

हामी धनी बनौँला ।

तँ गायक बन्लास् ।

उनीहरू भरे घर जालान् ।

**(ख) सङ्केतार्थ :**

वाक्यमा कार्यकारण सम्बन्धको भाव बुझाउने क्रियापदलाई सङ्केतार्थक भनिन्छ । यसो भए उसो हुन सक्ने भाव वा अर्थलाई सङ्केतार्थ भनिन्छ । यस्तो अर्थ बुझाउन एउटा उपवाक्यले सर्त र अर्कोले परिणाम बुझाएको हुनुपर्छ ।

जस्तै:

घाम लागे धान सुक्छ ।

बादल लागे पानी पर्छ ।

तिमी परिश्रम गरे उत्तीर्ण हुन्छौ ।

उनी आए म जान्छु ।

सीता नाचे म पनि नाच्छु ।

**भावका आधारमा वाक्यान्तरणका उदाहरण :**

(क) म सत्यवादी बन्छु । (इच्छार्थक)
म सत्यावादी बनूँ ।

(ख) तिमी निरोगी हुन्छौ । (इच्छार्थक)
तिमी निरोगी भए ।

(ग) तैँले चोर पक्रिन्छस् । (आज्ञार्थक)
तैले चोर पक्री ।

(घ) बुहारीहरू माइत जान्छन् । (सम्भावनार्थ)
बुहारीहरू माइत जालान् ।

(ङ) आकाश गर्जिन्छ । पानी पर्छ । (सङ्केतार्थ)
आकाश गर्जिए पानी पर्छ ।

**अनुच्छेद स्तरको उदाहरण**

**सामान्यार्थ**

समयको चक्रमा ऋतुहरू फेरिन्छ । शीतलहरूको चटारोले निखेका बन्जर रूखहरूमा पालुवा टुसाउँछ । रूखका हाँगाहाँगामा चराहरू चिरबिर गर्छन् । वनफूलको महकले गाउँको वातावरण रङमडिन्छ । गाउँमा वसन्त फर्किन्छ । गाउँलेका ओठहरूले जीवनका वासन्ती गीतहरू गुनगुनाउ न थाल्छन् ।

**सम्भावनार्थ**

समयको चक्रमा ऋतुहरू फेरिएलान् । शीतलहरूको चटारोले निखेका बन्जर रूखहरूमा पालुवा टुसाउँलान् । रूखका हाँगाहाँगामा चराहरू चिरबिर गर्लान् । वनफूलको महकले गाउँको वातावरण रङमडिएला । गाउँमा वसन्त फर्किएला । गाउँलेका ओठहरूले जीवनका वासन्ती गीतहरू गुनगुनाउ न थाल्लान् ।

## २.१.८ वाच्य र वाक्यान्तरण

वाच्यको साधारण अर्थ कथन वा भनाइ हो । व्याकरणमा कर्ता, कर्म, र क्रिया मध्ये एकको प्रधानता हुनुलाई वाच्य भनिन्छ । भनाइमा कर्ता प्रमुख भए

कर्तृवाच्य, कर्म प्रमुख भए कर्मवाच्य र क्रिया प्रमुख भए भाव वाच्य हुन्छ। त्यसैले वाच्य निम्न लिखित प्रकारका हुन्छन्।

१. कर्तृवाच्य

२. कर्मवाच्य

३. भाव वाच्य

१. **कर्तृवाच्यः** वाक्यमा कर्ता प्रमुख हुने वाच्यलाई कर्तृवाच्य भनिन्छ। यसमा कर्ताको लिङ्ग, वचन, पुरूष अनुसार क्रियाको सङ्गति मिलाइन्छ। यसरी कर्ता र क्रियाका बीचमा पदसङ्गति हुने वाच्यलाई कर्तृवाच्य भनिन्छ। यो सकर्मक र अकर्मक दुवै क्रियाबाट बन्छ।
जस्तैः

गजेन्द्रले भाइलाई पिट्यो।

म कविता पढ्छु।

हामी कविता पढ्छौं।

सृष्टि गजल लेख्छे।

ऊ सुत्यो।

२. **कर्म वाच्य :** कर्म प्रधान हुने वाच्यलाई कर्म वाच्य भनिन्छ। यसमा कर्म र क्रियाबीच पदसङ्गति कायम हुन्छ। कर्तामा बाट/द्वारा थपेर त्यसलाई गौण बनाइन्छ। क्रियाको धातुमा इ थपेर कर्म अनुसार पदसङ्गति मिलाइन्छ। यो सकर्मक क्रियाबाट मात्र बन्छ। जस्तैः

(क) हामी पौडी खेल्छौं।
हामीहरूद्वारा पौडी खेलिन्छ।

(ख) उसले बहिनीलाई पिट्यो।
उद्वारा बहिनी पिटिई।

३. **भाव वाच्य :** वाक्यमा भाव वा क्रिया प्रधान हुने वाच्यलाई भाव वाच्य भनिन्छ। यो अकर्मक क्रियावाट बन्दछ र क्रियामै अर्थ केन्द्रित हुन्छ। यस प्रक्रियामा कर्तामा वाट/द्वारा लगाउने वा नलगाएर कर्ता हटाइ दिए पनि हुन्छ। क्रियाको धातुमा इ थपिन्छ। यस्तो क्रिया तृतीय पुरूष, एक वचन र पुलिङ्गी हुन्छ।
जस्तैः

(क) सीता हाँसी। (भाववाच्य)
(सीताद्वारा) हाँसियो।
अथवा
हाँसियो।

(ख) भाइ रोयो।
(भाइद्वारा) रोइयो।

(ग) हामी थाक्यौं।
(हामीद्वारा) थाकियो।

(घ) उनीहरू सुतेका छन्।
(उनीहरूद्वारा) सुतिएको छ।

**अनुच्छेद स्तरको उदाहरण**

**कर्तृवाच्य**

म विहानै उठें। साथीहरूलाई फोन गरेर वोलाएँ। हामी हिँड्दै बुद्धपथ पुग्यौं। हामीले चिया खायौं। हामी त्यहाँवाट आँखा अस्पताल हुँदै घण्टाघर आएर बस्यौं।

**कर्म र भाव वाच्यमा वाक्यान्तरण**

आफू त विहानै उठियो। मद्वारा साथीहरूलाई फोन गरेर वोलाइयो। हामीद्वारा हिँड्दै बुद्धपथ पुगियो। हामीद्वारा चिया खाइयो। हामीद्वारा आँखा अस्पताल हुँदै घण्टाघर आएर बसियो।

## २.१.९ करण तथा अकरण र वाक्यान्तरण

वाक्यमा कुनै पनि काम हुन्छ भन्ने सकारात्मक अर्थ व्यक्त गर्ने व्याकरणिक कोटिलाई करण भनिन्छ। करण वाक्यमा हो, छ, हुन्छ जस्ता सकारात्मक अर्थ दिने क्रियापदहरू हुन्छन्। वाक्यमा नकारात्मक वा निषेधपरक भाव बुझाउने व्याकरणिक कोटिलाई अकरण भनिन्छ। अकरण क्रियापदमा छैन, होइन, हुँदैन जस्ता क्रियापदको प्रयोग गरिन्छ। करणवाट अकरण र अकरणबाट करणमा परिवर्तन गरेर वाक्यान्तरण गर्न सकिन्छ। यसका केही उदाहरण निम्न लिखित छन् :

| करण | अकरण |
|---|---|
| उमेश रोटी खान्छ। | उमेश रोटी खाँदैन। |
| राजन खोलातिर जाऊ। | राजन खोलातिर नजाऊ। |
| पुष्कर प्रथम हुन्थ्यो। | पुष्कर प्रथम हुँदैनथ्यो। |
| उनीहरू घर गए। | उनीहरू घर गएनन्। |
| तिमी पढिरहेका छौ। | तिमी पढिरहेका छैनौ। |

**अनुच्छेद स्तरको उदाहरण**

**करण**

उनीहरू आज विहानै काममा गए। उनीहरूले धेरै वेर परिश्रम गरे। दिउँसो खाना खाएर एक छिन सुते। उठेर काम सके। साँझ छिटै घर फर्किए।

अकरण

उनीहरू आज विहानै काममा गएनन् । उनीहरूले धेरैबेर परिश्रम गरेनन् । दिउँसो खाना खाएर एकछिन पनि सुतेनन् । उनीहरूले काम सकेनन् त्यसैले साँझ छिटो घर फर्किएनन् ।

## २.१.१० प्रेरणार्थक र वाक्यान्तरण

वाक्यमा क्रियाको कार्यव्यापार कसैवाट प्रेरित भएर सम्पन्न भएको भाव बुझिएमा त्यस्तो भाव वा अर्थलाई प्रेरणार्थक भनिन्छ । सामान्यार्थकलाई प्रेरणार्थक वाक्यमा वाक्यान्तरण गर्दा निम्नलिखित प्रक्रिया पूरा गर्नुपर्छ ।

(क) नयाँ प्रेरक कर्ता थप्ने,

(ख) धातुमा 'आउ' प्रत्यय थप्ने,

(ग) आउ प्रत्यय थप्ने नसकिने क्रियामा धातु+न+लगाउ जोड्ने

(घ) पदसङ्गति मिलाउने ।

**वाक्यस्तरमा केही उदाहरण**

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| बहिनी भात खान्छे । | आमा वहिनीलाई भात खुवाउँनुहुन्छ । |
| विद्यार्थी पुस्तक पढ्छन् । | शिक्षक विद्यार्थीहरूलाई पुस्तक पढाउनुहुन्छ । |
| आमाले भाइलाई खाना खुवाउनुभयो । | बुवाले आमाद्वारा भाइलाई खाना खुवाउन लगाउनु भयो । |
| तँ गृहकार्य लेख्छस् । | उसले तँलाई गृहकार्य लेखाउँछ । |
| विनिता फूल टिप्छे । | उसले विनितालाई फूल टिपाउँछ । |

**अनुच्छेद स्तरको वाक्यान्तरण**

**अप्रेरणार्थक**

बहिनी जेटिए पढ्छे । किसानहरूसँग नजिक हुन्छे । खेतीपातीका सबै वैज्ञानिक कारण र उपाय बुझ्छे । समाजमा किसानहरूलाई खेतीपातीका कुरामा सहयोग गर्छे । आफ्नो एग्रोभेट खोलेर मल, बिउ, विषादिहरू बेचेर अर्थ पनि आर्जन गर्छे ।

**प्रेरणार्थक**

बुवा वहिनीलाई जेटिए पढ्न लगाउनु हुन्छ । किसानहरूसँग नजिकिन लगाउनुहुन्छ । खेतीपातीका सबै वैज्ञानिक कारण र उपाय बुझ्न लगाउनु हुन्छ । समाजमा किसानहरूलाई खेतीपातीका कुरामा सहयोग गराउनु हुन्छ । आफ्नो एग्रोभेट खोल्न लगाएर मल, बीउ विषादि बेचेर अर्थ पनि आर्जन गर्न लगाउनु हुन्छ ।



## २.२ वाक्य संश्लेषण

### २.२.१ सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण

दुई वा दुई भन्दा बढी सरल वाक्यलाई जोडेर एउटै सरल वाक्य बनाउने प्रक्रियालाई सरल वाक्यमा संश्लेषण भनिन्छ । सरल वाक्यमा संश्लेषण गर्दा विभिन्न सरल वाक्यमा भएका समापिका क्रियाहरू मध्य एउटालाई छोडी अरू सबैलाई असमापिका क्रिया बनाउनुपर्छ । यस क्रममा दोहोरिएका शब्द हटाउने, नामीकरण, विशेषीकरण र कृदन्तीकरणका प्रक्रिया अपनाइन्छ ।

जस्तै :

(क) म बजार गएँ । मैले किताब किने । म घर आएँ ।
म बजार गई किताब किनेर घर आएँ ।

(ख) लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् । उनले शाकुन्तल महाकाव्य लेखेका छन् ।
महाकवि लक्ष्मीप्रसाद देवकोटाले शाकुन्तल महाकाव्य लेखेका छन् ।

(ग) ऋषिराम परिश्रमी छ । ऋषिराम असल छ । ऋषिराम इमान्दार छ ।
ऋषिराम परिश्रमी, असल र इमान्दार छ ।

(घ) गणेशराज विद्यार्थी हुन् उनी पढ्छन् । उनी नियमित गृहकार्य लेख्छन् । उनी अनुशासित छन् । उनी गुरूले भनेको मान्छन् । उनका असल गुणहरू छन् ।
विद्यार्थी गणेशराजका नियमित गृहकार्य लेख्नु, अनुशासित हुनु, गुरुले भनेको मान्नु असल गुण हुन् ।

**अथवा**

पढ्नु, नियमित गृहकार्य लेख्नु, अनुशासित हुनु र गुरूले भनेको मान्नु विद्यार्थी गणेशराजका असल गुण हुन् ।

### २.२.२ सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण

एक वा एकभन्दा बढी वाक्यहरूलाई जब-तब, जो-त्यो, जहाँ-त्यहाँ भने-भनेर, भनी जस्ता सापेक्ष संयोजकले जोडेर एउटै वाक्य बनाउनुलाई मिश्र वाक्यमा संश्लेषण भनिन्छ । यस प्रक्रियाबाट वाक्य संश्लेषण गर्दा विभिन्न वाक्यहरू मध्ये एउटा स्वतन्त्र उपवाक्य र अन्य वाक्यलाई आश्रित उपवाक्य बनाइन्छ । एउटै सरल वाक्य मात्र छ भने त्यस्तो अवस्थामा एउटै वाक्यलाई पनि मुख्य र अधीन उपवाक्यमा छुट्याइन्छ । जस्तै:

(क) परिश्रमी मान्छे भाग्यमानी हुन्छ ।
जो मानिस मानिस परिश्रमी छ त्यो भाग्यमानी हुन्छ ।

(ख) चर्को घामले पोल्छ ।
जब घाम चर्किन्छ तव त्यसले पोल्छ ।
(ग) ऊ प्रथम हुन्छ । यो कुरा निश्चित छ ।
ऊ प्रथम हुन्छ भन्ने निश्चित छ ।
(घ) यहाँ पानी पर्छ । यहाँ बाली सप्रिन्छ ।
जहाँ पानी पर्छ त्यहाँ बाली सप्रिन्छ ।
(ङ) छोराछोरी पढून् । यो हाम्रो भनाइ हो ।
छोराछोरी पढून् भन्ने हाम्रो भनाइ हो ।
(च) तिमी भोलि आउँछौ । मैले पर्खिएँ ।
तिमी भोलि आउँछौ भनेर मैले पर्खिएँ ।

### २.२.३ सरलवाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

दुई वा सो भन्दा बढी स्वतन्त्र सरल वाक्यहरूलाई र, तर, किनकी, कि, वा, अथवा, अनि, पनि यद्यपि आदि निरपेक्ष संयोजकहरूले जोडेर एउटै वाक्य बनाउनुलाई संयुक्त वाक्यमा संश्लेषण भनिन्छ । यस प्रक्रियामा दोहारिएका शब्द हटाउने, नाम धेरै भए सर्वनाम, बनाउने र दुईवटा समापिका क्रियाको प्रयोग गर्ने गरिन्छ । जस्तै:

(क) आज पानी पऱ्यो । बाटो हिलो भयो । आज विद्यार्थीहरू आएनन् ।
आज पानी परेर बाटो हिलो भयो त्यसैले विद्यार्थीहरू आएनन् ।
(ख) बादल लाग्यो । पानी परेन ।
बादल लाग्यो तर पानी परेन ।
(ग) जगदीशले मोटरसाइकल किन्यो । उसले उपहार पायो ।
जगदीशले मोटरसाइकल पनि किन्यो उपहार पनि पायो ।
(घ) तिमी मेला जान्छौ । म मेला जान्छु ।
कि तिमी मेला जान्छौ कि म मेला जान्छु ।
(ङ) आश्विन गीत गाउँछ । आश्विन नाच्छ ।
आश्विन आफै गीत गाउँछ अनि नाच्छ ।
(च) उनीहरू अल्छी छन् । उनीहरू गरिब छन् ।
उनीहरू अल्छी छन् तसर्थ गरिब छन् ।

## अभ्यास

### बहुवैकल्पिक प्रश्न

**सर्वोपयुक्त उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।**

**१. वाक्यान्तरण गर्ने मुख्य आधार के हो ?**
(क) लिङ्ग (ख) वचन
(ग) पुरूष (ग) व्याकरणिक कोटि

**२. कस्तो क्रियामा लिङ्ग सङ्गति हुँदैन ?**
(क) पशुसँग सम्बन्धित (ख) मानवीय क्रिया
(ग) भाले जनाउने क्रिया (घ) पोथी जनाउने क्रिया

**३. 'हजुर कथा पढिसिन्छ' कस्तो आदर हो ?**
(क) सामान्य (ख) उच्च
(ग) उच्चतर (घ) उच्चतम्

**४. वक्ता, श्रोता र विषय जनाउने कोटिलाई के भनिन्छ ?**
(क) प्रथम पुरूष (ख) द्वितीय पुरूष
(ग) तृतीय पुरूष (घ) पुरूष

**५. धातुमा एछ, एछु, एछन् प्रत्यय कुन पक्षमा लाग्छ ?**
(क) सामान्य (ख) पूर्ण
(ग) अज्ञात (घ) अभ्यस्त

**६. कुन वाक्यको क्रियापदले अभूतकाल जनाउँछ ?**
(क) हरि निदायो (ख) कमल गजल लेख्यो ।
(ग) उनी लेख्दै छिन् (घ) गाईले धान खाएछ ।

**७. 'तिमी भाग्यमानी भए' कस्तो वाक्य हो ?**
(क) सामान्य (ख) आज्ञार्थक
(ग) इच्छार्थक (घ) सम्भावनार्थक

**८. संयुक्त वाक्य कुन हो ?**
(क) पारिजात लेखेर प्रसिद्ध भइन् ।
(ख) तिमी जान्छौ भने म जान्नँ ।
(ग) बादल लाग्यो तर पानी परेन ।
(घ) पढ्नु र लेख्नु विद्यार्थीका असल गुण हुन् ।

**९. प्रेरणार्थक वाक्य कुन हो ?**
(क) ऊ हिउँ पगाल्छ । (ख) रूख लड्यो ।
(ग) ढोका उघ्रियो । (घ) छोरी आउँछे ।

**१०. भाव वाच्य कस्तो क्रियापदबाट बन्छ ?**
(क) सकर्मक (ख) अकर्मक
(ग) द्विकर्मक (घ) पूराकापेक्षी

**विषयगत प्रश्न**

**तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् ।**

१. वाक्यान्तरण भनेको के हो ? स्पष्ट पार्नुहोस् ।
२. एकवचन जनाउने एक अनुच्छेद लेखी बहुवचनमा वाक्यान्तरण गर्नुहोस्।
३. पुरूष के लाई भनिन्छ ? यसका प्रकारहरू उल्लेख गर्नुहोस् ।
४. पूर्ण वर्तमान कालमा एक अनुच्छेद तयार गर्नुहोस् ।
५. आफ्नो बाल्यकालीन स्मृति समेटेर अभ्यस्त भूतमा एक अनुच्छेद लेख्नुहोस् ।
६. एउटै सरल वाक्यमा संश्लेषण गर्नुहोस् ।
गौथलीले छिटको फरिया लाएकी थिई । उसले पटुका बाँधेकी थिई। उसले हातमा बाला, घाँटीमा प्वाँलो लाएकी थिई । उसले निधारमा ठूलो टीका लगाएकी थिई । ऊ अलिअलि साँवलो वर्णकी निकै राम्री देखिन्थी ।
७. तलको अनुच्छेदलाई संयुक्त वाक्यमा पुनर्लेखन गर्नुहोस् ।
हर्षले सोच्यो, युगयुगान्तरदेखि मानिसले यो लोक र परलोक पनि सुखमय रहोस् भन्ने चाँहदै आएको छ । एक प्रकारले मानव जातिको खोज नै सुखप्राप्ति र दुःखबाट मुक्तिमा केन्दित रहेको छ । समग्र ज्ञानविज्ञानका प्रयासहरू यसैतर्फ लक्षित छन् । प्राणी मात्रलाई सुखी राख्न यो पनि प्रमाणित भयो कि जीवनमा सुख मात्र सम्भव छैन । ऊ मानिसको जीवनमा सुख र दुःख एक सिक्काका दुई पाटा हुन् भनेर परिभाषित गर्न बाध्य भयो ।
८. तलको अनुच्छेदलाई कर्म वाच्यमा परिवर्तन गर्नुहोस् ।
पुलिसले एउटा मान्छेलाई घोक्र्याउँदै ल्यायो । सइलाई सलाम ठोक्यो । मान्छेहरू विस्तारै पर पर हटे । कोही पछबरिया टोलतिर लागे । कोही मूल टोलतिर लागे र कोही चिया पसलतिर लागे ।

☑



एकाइ ३

# पठन बोध

## ३.१ बोधको परिचय

बोधको सामान्य अर्थ बुझ्नु वा वुझाइ हो । कुनै पनि विषयका अभिव्यक्तिलाई राम्ररी ग्रहण गर्नु बोध हो । यो कुनै पनि लिखित सामग्री पढेर, कसैले भनेको कुरा सुनेर वा संवादहरू सुनेर प्राप्त हुने ज्ञान हो । पठनबोध भनेको दिइएका लिखित सामग्री राम्ररी पढेर त्यसका पद, पदावली उपवाक्य एवम् वाक्यहरूका अर्थ र समग्र सार ग्रहण गर्नु हो । विभिन्न विषयसँग सम्वन्धित दिइएका गद्यांशहरू पढेर उत्तर दिनसक्ने गरी बुझ्नुलाई पठनवोध भनिन्छ । यसमा लिखित अभिव्यक्तिको अर्थ ग्रहण गर्ने कार्य र प्रतिक्रियात्मक उत्तर दिने कार्य महत्वपूर्ण हुन्छ । यसमा सामान्यभन्दा विशिष्ट बोधको अपेक्षा गरिन्छ । स्नातक तहमा बोधका लागि मूलतः नेपाली वाङ्मयका शिक्षा, अर्थ व्यवस्था, भूगोल, उर्जा, वातावरण, जैविक विविधता, विज्ञान तथा प्रविधि सम्वन्धी दृष्टांश र अदृष्टांश गद्यांश दिइन्छ । त्यसलाई पढेर तथ्यपरक, निष्कर्षत्मक, समीक्षात्मक तथा सामान्य प्रतिक्रियात्मक बोध प्रश्नहरूको उत्तर दिनुपर्छ । यसका लागि विभिन्न विषय क्षेत्रका गद्यांश छिटो छिटो मनमनै पढेर वुझ्ने र छोटो छरितो उत्तर दिने अभ्यास गर्नुपर्छ । यसरी अभ्यास गर्दा नयाँ नयाँ शव्दहरूको ज्ञान हुने, तिनको सान्दर्भिक प्रयोग क्षमता बढ्ने र बौद्धिक विकास हुने देखिन्छ । यसका साथै स्मरण शक्ति बढ्ने, गहिरिएर बुझ्ने क्षमता बढ्ने र छोटो समयमा आवश्यक तथा महत्वपूर्ण कुरा मात्र ग्रहण गर्ने क्षमता बढ्छ ।

## ३.२ बोध प्रश्नको उत्तर दिादा ध्यान दिनुपर्ने कुराहरू

**बोध प्रश्नको उत्तर दिँदा निम्न लिखित कुराहरूमा ध्यान दिनुपर्छ :**

१. बोधका लागि निर्दिष्ट गद्यांश ध्यानपूर्वक पढ्नुपर्छ ।
२. अनुच्छेदको पहिलो र अन्तिम वाक्यलाई दोहोऱ्याएर पढ्नुपर्छ ।
३. गद्यांशको अन्त्यमा सोधिएका प्रश्न राम्ररी पढेर तिनले के कस्ता उत्तरहरूको अपेक्षा गरेका हुन् भन्ने कुरा ठम्याउनु पर्छ ।
४. क्रमशः प्रत्येक प्रश्नले खोजेको उत्तर दिइएको अनुच्छेदमा खोजी अधोरेखाङ्कन गरी अभ्यास गर्नुपर्छ ।